| | |
|---|---|
| फाराम संकलन गर्ने निकाय | |
| फाराम दर्ता नं. | |
| दर्ता मिति | |

| |
|---|
| विवरण पेश गर्नेको हालसालै खिचेको पासपोर्ट साइजको फोटो |

**श्री सर्वोच्च अदालत; वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समिति समक्ष पेश गरेको विवरण।**

सर्वोच्च अदालतमा गठित यस समितिद्वारा मिति २०७७।०६।०६।३ मा आह्वान गरिएको सूचनानुसार सर्वोच्च अदालतबाट प्रकाशित **वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०७६** बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि पाउनका लागि म तोकिएको योग्यता पुगेको इच्छुक अधिवक्ता भएको हुँदा मेरो निम्नलिखित विवरण तथा सोलाई प्रमाणित गर्ने कागजातसहित यो विवरण पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

| | | |
|---|---|---|
| **विवरण प्रस्तुतकर्ताको नाम, थर** | (नेपालीमा) | |
| | (अंग्रेजीमा) | |
| **ठेगाना** | (**स्थायीः** जिल्ला, पालिका, वडा नं., टोल, घर नं., मार्ग, गल्ली नं. समेत) | |
| | (**हाल बसोवास गरिरहेकोः** जिल्ला, पालिका, वडा नं., टोल, घर नं., मार्ग, गल्ली नं. समेत) | |
| **सम्पर्क नं.** | (फोन नं., मोवाइल नं र इमेल ठेगाना) | |
| **जन्म मिति** | (विक्रम सम्वतमा) | |
| | (ईस्वी सनमा) | |
| **बुवा/आमाको नाम, थर** | (नेपालीमा) | |
| | (अंग्रेजीमा) | |
| **शैक्षिक योग्यता** | (विवरण प्रस्तुतकर्ताले **कानून**सहितको विषयमा हासिल गरेको शैक्षिक योग्यता) | |

| | | |
|---|---|---|
| **नेपाली नागरिकताको प्रमाणपत्र नं., जारी मिति र जारी गर्ने कार्यालय** | (नागरिकताको प्रमाणपत्र नं., जारी मिति र जारी गर्ने कार्यालयको नाम) | |
| **अधिवक्ताको प्रमाणपत्र नं. र जारी मिति** | (जारी मिति विक्रम सम्वतमा उल्लेख गर्ने।) | |
| **अधिवक्ता भई कानून व्यवसाय शुरू गरेको मिति** | (विक्रम सम्वतमा) | |
| **कानून व्यवसाय गरेको स्थान र निकाय** | (जिल्लाहरू) | |
| | (सर्वोच्च अदालत र पुनरावेदन तहका अदालतहरू मात्र) | |
| **विवरण प्रस्तुतकर्ता सदस्य रहेको बार एशोसियसनको इकाइको नाम र ठेगाना** | (आफू आबद्ध रहेको नेपाल बार एशोसियसनको इकाइको नाम र ठेगाना उल्लेख गर्ने।) | |
| **विवरण प्रस्तुतकर्ताले पछिल्लो ५(पाँच) वर्षको प्रत्येक सालको छुट्टाछुट्टै (सालसालैको) व्यावसायिक कर तिरेको प्रमाण** | (कानून व्यवसाय गर्दा आफ्नो वा आफ्नो ल फर्मको नामबाट विगत पछिल्लो ५ वर्षको प्रत्येक सालको छुट्टाछुट्टै (सालसालैको) व्यावसायिक कर चुक्ता गरेको प्रमाण) | |
| **विवरण प्रस्तुतकर्ताले विगत ५(पाँच) वर्षदेखि नियमितरूपमा अधिवक्ताको प्रमाणपत्र अद्यावधिक गराएको प्रमाण** | (कानून व्यवसायी परिषदमा विगत ५(पाँच) वर्षदेखि आफ्नो अधिवक्ताको प्रमाणपत्र अद्यावधिक गराएको प्रमाण) | |
| **विवरण प्रस्तुतकर्ताले पूर्णकालीनरूपमा कुनै विश्वविद्यालयमा प्राध्यापन गरेको वा गरिरहेको भए वा निज कुनै निजी वा सार्वजनिक संस्था वा प्रतिष्ठानमा पूर्णकालीनरूपमा काम गर्ने भए** | (विश्वविद्यालय तथा क्याम्पस वा संस्थाको नाम र ठेगाना) | |
| | (अध्यापन गरेको विषय वा गरेको कामको प्रकृति) | |
| | (कुन श्रेणी वा तहको अध्यापकको रूपमा वा पदमा काम गरेको हो; सो श्रेणी वा तह) | |
| | (अध्यापन वा काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सम्बन्धित संस्थाबाट कानून व्यवसाय गर्न (कानूनको विषयमा प्राध्यापनमा संलग्न भएको बाहेक) अनुमति लिएको छ वा छैन? अनुमति लिएको भए अनुमति प्रदान गर्ने अधिकारी वा निकाय र अनुमति प्राप्त मिति) | |

| | | |
|---|---|---|
| **अदालतको न्यायाधीशको रूपमा काम गरेको पूर्व अनुभव रहेको भए** | (अदालतको तह वा तहहरू) | |
| | (काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सेवा निवृतिपश्चात् कानून व्यवसाय गरेको कम्तीमा ५(पाँच) वर्ष पूरा भएको छ वा छैन?) | |
| **न्याय सेवाको अधिकृतको रूपमा काम गरेको पूर्व अनुभव रहेको भए** | (काम गरेको पद र श्रेणी) | |
| | (काम गरेको अवधिः शुरू मिति र अन्त्य मिति) | |
| | (सेवा निवृतिपश्चात् कानून व्यवसाय गरेको कम्तीमा ५(पाँच) वर्ष पूरा भएको छ वा छैन ?) | |
| **न्यायाधीश, न्याय सेवाको अधिकृत, प्राध्यापन पेशा वा अन्य निजी वा सार्वजनिक प्रतिष्ठान तथा संस्थाबाट सेवा निवृतिको कारण** | (उमेरको हद वा पदावधिको हदले अनिवार्य अवकाश, स्वेच्छिक राजिनामा वा विभागीय कारवाहीको सजायस्वरूप पदमुक्त भएको हो वा के हो? सो कुरा उल्लेख गर्ने।) | |
| **न्यायाधीश, न्याय सेवाको अधिकृत, प्राध्यापन वा अन्य कुनै सार्वजनिक जवाफदेहीको पदमा रहँदा आचरण वा चरित्रसम्बन्धी अभियोगमा सामान्य प्रकृतिको विभागीय सजाय पाएको भए सो सजायको प्रकृति र पाएको मिति** | (विभागीय कारवाहीको सजायस्वरूप नसिहत दिएको, सचेत गराएको वा केही अवधिको लागि तलब बृद्धि रोक्का भएको भए सोमध्ये के भएको र कहिले भएको हो? सो कुरा उल्लेख गर्ने। साथै सो सजाय दिने निर्णय भएको मितिले ५ (पाँच)) वर्ष पूरा भएको छ वा छैन ? सो पनि उल्लेख गर्ने।) | |
| **विवरण प्रस्तुतकर्ताउपर हाल कुनै अदालतमा कुनै सरकारवादी फौजदारी मुद्दा दर्ता भई विचाराधीन अवस्थामा रहेको छ वा छैन ?** | (अदालतमा मुद्दा दायर रहेको भए अदालत, मुद्दाको नाम, नम्बर र दायर मिति उल्लेख गर्ने।) | |
| **विवरण प्रस्तुतकर्ता कानून व्यवसायमा संलग्न रहँदा निजउपर व्यावसायीक आचरणसम्बन्धी नियमहरू उल्लङ्घन गरेको कारणबाट कुनै कारवाही र सजाय भएको छ वा छैन ? भएको भए सजायको प्रकृति र निर्णय मिति** | (सजाय पाएको भए सजायको प्रकृति र उक्त सजाय दिने निर्णय मिति उल्लेख गर्ने।) | |

| | | |
|---|---|---|
| **विवरण प्रस्तुतकर्तासँग वरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्नेसम्बन्धी मापदण्ड, २०७६ को दफा १८ मा उल्लेख भए बमोजिमको निजले अधिवक्ताको हैसियतले सर्वोच्च अदालत र पुनरावेदन तहको अदालतमा वहस पैरवी गरेको देखिने छुट्टाछुट्टै कम्तिमा ५० वटा फैसला (रिटको हकमा अन्तिम आदेश) रहेको छ वा छैन ?** | (उक्त बमोजिमको फैसला रहेको भए कतिवटा फैसला रहेको छ? सो सम्बन्धी अदालतगत विवरण संख्यात्मकरूपमा यस स्थानमा उल्लेख गर्ने। साथै; नेपाल कानून पत्रिकामा प्रकाशित फैसलाहरूको हकमा उक्त फैसलाको पक्ष विपक्षको नाम थर, मुद्दा, मुद्दा नं., निर्णय नं., निर्णय मिति, पृष्ठ सहितको विवरण र ने.का.प. मा प्रकाशित नभएका फैसलाहरू र अन्य अदालत वा पुनरावेदन तहको न्यायिक निकायका फैसलाहरूको हकमा पक्ष विपक्षको नाम थर, अदालत वा फैसला गर्ने निकाय, मुद्दा नं., मुद्दा, निर्णय नं. र निर्णय मिति सहितको स्पष्ट विवरण यसै फारामको साथ संलग्न गरी छुट्टै पेश गर्नुपर्नेछ। उपरोक्त बमोजिमको विवरणका आधारमा सिफारिश समितिको सचिवालयले विद्युतीय माध्यमबाट फैसलाहरूको संकलन गर्नेछ। विद्युतीय माध्यममा फैसला उपलब्ध नभएमा सम्बन्धित विवरण प्रस्तुतकर्तालाई त्यस्तो फैसला पठाउन अनुरोध गर्न सक्नेछ। एकै लगाउमा रहेका जतिसुकै मुद्दाहरूको फैसलाको गणना १(एक) मात्र हुने।) | |
| **विवरण प्रस्तुतकर्ताले शैक्षिक उपाधिका लागि बाहेक कानून र न्यायको क्षेत्रमा शोध वा अनुसन्धानात्मक कार्य गरेको, उपयोगी र स्तरीय कृति प्रकाशन गरी कानूनी साहित्यको विकासमा योगदान दिएको वा कानून र न्याय सम्बन्धी पुस्तक वा पत्रिका (Journal) प्रकाशनका लागि सम्पादनको कार्यमा संलग्न रहेको भए** | (शोध वा अनुसन्धानात्मक कार्य गरेको, उपयोगी र स्तरीय कृति प्रकाशन गरेको वा सम्पादनको कार्यमा संलग्न रहेको सम्बन्धी विषय, प्रकाशन मिति, प्रकाशकको नाम र ठेगाना, उक्त कृति पाइने स्थान आदिको बारेमा प्रमाणसहित उल्लेख गर्ने।) | |
| **विवरण प्रस्तुतकर्तासँग कानून व्यवसायीको पेशासँग प्रत्यक्षरूपले सम्बन्धित विषयगत विशेषज्ञता देखिने उच्चस्तरको शैक्षिक योग्यता, कानून र न्यायको क्षेत्रमा विकसित** | (उक्त कुराको प्रमाणसहित उल्लेख गर्ने।) | |

| | | |
|---|---|---|
| **नवीनतम् आयाम वा अवधारणा लगायत खास विषयमा हासिल गरेको विशिष्टिकृत ज्ञान र अनुभव रहेको भए** | | |
| **विवरण प्रस्तुतकर्ताको व्यावसायिक क्षमता र सक्रियता, व्यक्तित्व, नेतृत्व क्षमता, अदालत र समाजलाई सहयोग गर्ने भावना/तत्परता देखिने उल्लेखनीय कार्य केही भए** | (यस अन्तर्गत कानूनी सहायता वा प्रो-बोनो सेवा प्रदान गरेको महत्त्वपूर्ण सार्वजनिक सरोकारको विवादमा न्याय निरूपणका लागि गरेको योगदान; कानूनी शिक्षा र व्यावसायिक प्रशिक्षण प्रदान गर्ने कार्यमा देखाएको सक्रियता; मध्यस्थ र मेलमिलापकर्ताको रूपमा गरेको योगदान; कानून व्यवसायको संस्थागत विकास तथा व्यावसायिकताको प्रबर्द्धन गर्नमा पुऱ्याएको योगदान; कानून, न्याय र न्यायिक प्रकृयाको विषयमा सुधारका लागि निर्वाह गरेको भूमिका; मेलमिलाप पद्धति, बाल न्याय, निजी अन्तर्राष्ट्रिय कानून, बौद्धिक सम्पत्ति, मानव अधिकार, वातावरण संरक्षणजस्ता कुरामा योगदान गरेको भए प्रमाणसहित उल्लेख गर्ने।) | |

**मैले माथि उल्लिखित विवरणसँग सम्बन्धित प्रमाण कागजात यसै विवरण फारामसाथ संलग्न गरेको छु। माथि उल्लिखित सम्पूर्ण विवरण सत्य हुन्। झुट्ठा ठहरे कानूनबमोजिम भएमा मेरो मञ्जुरी छ।**

विवरण प्रस्तुतकर्ताः

**नाम, थरः**

**दस्तखतः**

**मितिः … … … …**

---

**सर्वोच्च अदालत; वरिष्ठ अधिवक्ताको उपाधि सिफारिस समितिको सचिवालय, काठमाण्डौंबाटः**

१. विवरण फाराममा उल्लेख गरिएबमोजिमको प्रमाण कागजहरू संलग्न रहे नरहेकोः

२. पेश गरिएका फैसलाहरूसम्बन्धी सम्पूर्ण विवरण उल्लेख रहे नरहेकोः

३. पेश गरिएका फैसलाहरू कुन कुन निकायका रहेकाः-

(क) सर्वोच्च अदालतको फैसलाको संख्याः

(ख) पुनरावेदन तहको अदालतको फैसलाको संख्याः

४. आवेदन फाराम दर्ता नं.-

५. दर्ता मितिः